# मिति २०७५/११/२१ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

बैठक संख्या: ०७५/७६—१४

**निर्णय नं १**

सिद्ध कुमाख गाउँपालिकाको गाउँसभाबाट पारित आ व २०७५।७६ को स्वीकृत कार्यक्रम तथा वजेटमा केही हेरफेर गर्नु पर्ने भएकोले सो सम्बन्धी प्रस्ताव गाउँसभामा लिन अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिकाको आ व २०७५।७६ को आय ब्यायको महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण भइ प्राप्त भएको प्रतिवेदनलाई गाउँसभामा छलफलका लागि पेश गर्ने सम्बन्धमा गर्ने सर्वसम्मत निर्णय गरियो

**निर्णय नं ३**

गाउँपालिका महासंघ कर्णाली प्रदेशमा सिद्ध कुमाख गाउँपालिका सदस्य भएबापत गाउँपालिकाले बुझाउनु पर्ने बार्षिक सदस्यता शुल्क रु २००००।-(अक्षेरुपी विस हजार मात्र) भुक्तानीको निर्णयलाई समर्थन तथा अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ४**

सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालय सल्यान र सिस्टेमाटिक इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि काठमाडौं विच भएको सम्झौता बमोजिम सिस्टेमाटिक इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि काठमाडौंले निर्माण गरेको सिद्ध कुमा गाउँपालिकाको प्रशासकीय भवनको डिपिआर तथा माटो परिक्षण र ३ नं वडा कार्यालय र ४ नं वडा कार्यालयको डिपिआर कार्य सम्पन्न गरि प्रतिवेदन बुझाएकोमा उक्त प्रतिवेदन तथा लागत स्टिमेट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ५**

सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालय र Sipradi Trading Pvt. Ltd., Chandragiri-14, Naya Naikap, Kathmandu विच भएको खरिद सम्झौता अनुसार यस कार्यालयलाई Sipradi Trading Pvt. Ltd., Chandragiri-14, Naya Naikap, Kathmandu ले 2019 Model को TATA XENON 2.2L CC 4×4 PICKUP उपलब्ध बनाउनु पर्नेमा, 2018 Model को TATA XENON 2.2L CC 4×4 PICKUP (Engine No: VERICOR06FSYJ11797, Chassis No: MAT464535HSG08377) उपलब्ध गराएको तर गाउँपालिकाले 2019 Model को TATA XENON 2.2L CC 4×4 PICKUP नै खरिद गर्नुपर्ने भएकोले सिद्ध कुमाख गाउँपालिकाको नाममा नामसारी भएको 2018 Model को TATA XENON 2.2L CC 4×4 PICKUP गाडी Sipradi Trading Pvt. Ltd., Chandragiri-14, Naya Naikap, Kathmandu लाई नै नामसारी फिर्ता लागि श्री यातायात व्यवस्था कार्यालय राप्ती, दांगलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ६**

सिद्ध कुमाख गाउँपालिकाको चालु आ व २०७५।०७६ मा विभिन्न कार्यक्रम तथा योजनाहरुमा भएको हालसम्मको खर्चको अनुमोदन तथा समर्थन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ७**

सिद्ध कुमाख गाउँपालिका वडा नं २ का जनतालाई सर्वसुलुभ रुपमा स्वास्थ्य सेवा पुर्याउने उदेश्यका साथ सिद्ध कुमाख गाउँपालिकाको वडा नं २ भडारेमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ८**

सल्यान जिल्लामा रहेका मौलिक लोकभाका, लोक गीत (सोरठी पैस्यारु टप्पा) लोकबाजालाई प्रचारप्रसार र संरक्षण गर्ने उद्धेश्यका साथ सल्यान जिल्लाबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पहिचान बनाउन सफल सल्यानी गायक गायिका खर्क बहादुर बुढा मगर र लिलावती बुढा मगरको मिति २०७५ चैत्र २९ गते शुक्रबार सास्कृति संस्थान राष्ट्रिय नाचघर जमल काठमाडौंमा हुने युगल साँस्कृतिक कार्यक्रम **"खर्क बहादुर बुढा र लिलावती बुढा युगल साँझ-२०७५"** कार्यक्रमको सिद्ध कुमाख गाउँपालिकाले प्रायोजन गर्ने उक्त कार्यक्रमको लागि आयोजक **सल्यानी सरोकार समाज, काठमाडौं नेपाल**लाई रु २५,०००।- (अक्षेरूपी पचिस हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।